# बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा सञ्चालन नियमावली, २०७१

बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति (गठन) आदेश, २०६६ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी समितिले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा सञ्चालन नियमावली, २०७१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अनुदान" भन्नाले नेपाल सरकार वा कुनै पनि व्यक्ति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहयोग सम्झनु पर्छ ।

(ख) "आचार्य/लोप्पोन/घेशे" भन्नाले बौद्ध शिक्षामा स्नातकोत्तर हासिल गरी शिल प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(ग) "आदेश" भन्नाले बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति (गठन) आदेश, २०६६ सम्झनु पर्छ ।

(घ) "आनी" भन्नाले गुम्बामा प्रवेश भई बौद्ध शिक्षा सम्बन्धी अध्ययन, अध्यापन गर्ने छात्रा सम्झनु पर्छ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले आदेशको दफा ६ बमोजिम नियुक्त भएको समितिको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(च) "कार्यालय" भन्नाले समितिको मुख्य कार्यालय, शाखा तथा सम्पर्क कार्यालय स्थापना भई कार्यसञ्चालन गरेको कार्यालयलाई सम्झनु पर्छ ।

(छ) "कार्यालय प्रमुख" भन्नाले कार्यकारी निर्देशक सम्झनु पर्छ र सो शब्दले कार्यकारी निर्देशकको अनुपस्थितिमा कार्यालय प्रमुख भई काम गर्न तोकिएको समितिको अधिकृत स्तरको कर्मचारी र समितिको शाखा तथा सम्पर्क कार्यालयको हकमा त्यस्तो कार्यालयको प्रमुख भई काम गर्ने कर्मचारी समेतलाई जनाउँछ ।

(ज) "खेन्पो" भन्नाले बौद्ध दर्शनमा आचार्यभन्दा माथिल्लो (पि.एच.डि) उपाधी हासिल गरेको र शिल प्राप्त गरी सम्बन्धित सम्प्रदायले प्रमाणित गरेको व्यक्ति सम्झनु पर्छ ।

(झ) "गुम्बा" भन्नाले बुद्ध धर्म, शिक्षा पठन पाठन, साधना, ध्यान र पूजा गर्ने बुद्ध धर्म सम्बन्धी धार्मिक आश्रमलाई सम्झनु पर्छ ।

कार्यकारी निर्देशक

(ञ) "गुम्बा शिक्षा" भन्नाले गुम्बामा बौद्ध धर्म, संस्कृति, भाषा, कला, ज्योतिष, साहित्य, नैतिक, सामाजिक, गणित र पाठपूजा सम्बन्धी सम्बोटा लिपिमा अध्ययन गर्ने विद्यालयस्तरको शिक्षा सम्झनु पर्छ ।

(ट) "टुल्कु (औतारी लामा)" भन्नाले पूर्वजन्ममा बौद्ध दर्शनको उच्च ज्ञान हासिल गरी नेपालको बौद्ध सम्प्रदाय मध्ये एक सम्प्रदायको प्रमुख धर्मगुरुले प्रमाणित गरेको औतारी लामा सम्झनु पर्छ ।

(ठ) "ढावा" भन्नाले गुम्बामा प्रवेश भई बौद्ध शिक्षा सम्बन्धी अध्ययन, अध्यापन गर्ने छात्र सम्झनु पर्छ ।

(ड) "प्रमुख लामा" भन्नाले गुम्बाको प्रमुख भई दैनिक पूजा पाठ र साधना गर्ने, गराउने बौद्ध धर्मगुरु सम्झनु पर्छ ।

(ढ) "प्राचीन गुम्बा" भन्नाले एक सय वर्ष नाघेका ऐतिहासिक तथा पुरातात्विक महत्वका गुम्बाहरुलाई सम्झनु पर्छ ।

(ण) "बौद्ध मार्गी" भन्नाले बुद्ध रत्न, धर्म रत्न र संघ रत्नलाई अंगिकार गरी सोही मार्गमा आस्थावान व्यक्ति सम्झनु पर्छ ।

(त) "बौद्ध दर्शन" भन्नाले बौद्ध धर्म, सँस्कृति, कला, भाषा सम्बन्धी ज्ञानलाई सम्झनु पर्छ।

(थ) "बौद्ध शिक्षा" भन्नाले भगवान बुद्धले दिनु भएको उपदेश सुत्र तन्त्र सम्झनु पर्छ ।

(द) "भिक्षुभिक्षुणी" भन्नाले घर परिवार त्यागी बुद्धत्व प्राप्तिका लागि शिल प्राप्त गरी सो को पालना गर्ने पुरुष र स्त्री सम्झनु पर्छ ।

(ध) "रिन्पोछे" भन्नाले बौद्ध दर्शन सम्बन्धी उच्च शिल हासिल गरी खेन्पो, टुल्कु, लामा, घेशे, लोप्पोनको उपाधि हासिल गरेको विशिष्ट धर्मगुरु सम्झनु पर्छ ।

(न) "लामा" भन्नाले कम्तीमा तीन वर्ष तीन महिना गुफा बसी पूजा पाठ गर्न योग्य धर्मगुरु वा बौद्ध शिल लिई विशिष्ट ज्ञान हासिल गरेको व्यक्ति सम्झनु पर्छ ।

(प) "विहार" भन्नाले भिक्षुभिक्षुणी, (भन्तेहरु) बस्ने बौद्ध परम्परानुसार नीति, नियम, पठनपाठन गर्ने स्थललाई जनाउँछ ।

(फ) "विशेषज्ञ" भन्नाले बौद्ध दर्शन, धर्म, संस्कृति र गुम्बा सम्बन्धी पूर्णरुपमा जानकार व्यक्ति सम्झनु पर्छ ।

(ब) "व्यवस्थापन समिति" भन्नाले गुम्बा, विहारको सुव्यवस्थित सञ्चालन गर्नको लागि स्थानीय रुपमा गठन गरिएको गुम्बा, विहार व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(भ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा सदस्य-सचिवलाई समेत जनाउँछ ।

(म) "समिति" भन्नाले आदेशको दफा ३ बमोजिम गठन भएको बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति सम्झनु पर्छ ।

(य) "अध्यक्ष" भन्नाले बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति (गठन) आदेश २०६६ को दफा ३ को उपदफा १ बमोजिम नियूति भएको व्यक्तिलाई सम्झनु पर्दछ । सो शब्दले बैठकको अध्यक्षता गर्ने व्यक्ति समेतलाई जनाउँदछ । निजको कामकर्तव्य अधिकार सोही गठन आदेशको दफा ५को उपदफा २ मा उल्लेख भए अनुसार हुनेछ । त्यसको अलवा समितिमा दर्ता भएका सम्पूर्ण गुम्बा/विहारको व्यवस्थापन र प्रमुख लामा लगायत अन्य धर्मगुरु, लामागुरु, आनी, भिक्षुभिक्षुणी,

सहसचिव

कार्यकारी निर्देशक

ढावाहरुलाई समय समयमा समितिको नियम परिधिभित्र रही नीति निर्देशन एवं प्रवचन दिन सक्ने छ।

(र) "संघ, संस्था" भन्नाले बौद्ध दर्शन, धर्म, अध्ययन, अध्यापन, अनुसन्धान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भएको संगठनहरुलाई जनाउँनेछ।

(ल) "स्थानीय निकाय" भन्नाले जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिलाई सम्झनु पर्छ।

३. **नियमावलीको व्याख्या** : (१) यस नियमावलीको प्रयोग गर्दा गरेको व्याख्याबाट गुम्बा, विहारमा कार्यरत प्रमुख लामा, लामा, भिक्षु, भिक्षुणी आनी, ढावा, बौद्ध धर्मावलम्वी र गुम्बा निर्माण वा व्यवस्थापन समितिलाई मर्का परेमा त्यस्तो मर्का पर्ने पक्षले कार्यकारी निर्देशक मार्फत समिति समक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदनको सम्बन्धमा समितिले निर्णय गर्नेछ।

(३) उपनियम (२) बमोजिम समितिले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले समितिबाट निर्णय भएको ३५ (पैतिस) दिनभित्र मन्त्रालयमा निवेदन दिन सक्नेछ। यस सम्बन्धमा मन्त्रालयबाट भएको निर्णय अन्तिम हुनेछ र सो को सबैले पालना गर्नु गराउनु पर्नेछ।

४. **नियमावलीको कार्यान्वयन** : (१) यस नियमावलीमा भएका व्यवस्थाको कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी समितिको हुनेछ।

(२) यस नियमावलीमा भएका सबै व्यवस्थाको पालना गर्नु गुम्बामा कार्यरत प्रमुख लामा, लामा, भिक्षु भिक्षुणी, आनी, ढावा, बौद्ध धर्मावलम्वी र गुम्बा, विहार निर्माण वा व्यवस्थापन समिति र बौद्ध दर्शन प्रंवर्द्धन तथा गुम्बा विकास समितिका पदाधिकारी र समितिमा कार्यरत कर्मचारीहरुको कर्तव्य हुनेछ।

## परिच्छेद-२

## समिति तथा कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

५. **समितिको काम, कर्तव्य र अधिकार** : आदेशको दफा ४ मा लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिलाई आवश्यक पर्ने कर्मचारीको व्यवस्था गर्ने, गराउने।

(ख) गुम्बा र विहारमा कार्यरत प्रमुख लामा, लामा र भिक्षु/भिक्षुणीहरुको कम्तीमा दुई वर्षको एकपटक क्षेत्रीय तथा राष्ट्रिय भेलाको आयोजना गर्ने तथा देशका विशिष्ट धर्मगुरुबाट प्रवचन दिने व्यवस्था मिलाउने।

(ग) गुम्बा र विहारमा कार्यरत प्रमुख लामा,लामा तथा भिक्षुलाई अध्ययन भ्रमण गराउने।

(घ) नेपाल राज्यमा एक केन्द्रीय गुम्बाको स्थापना गरी लामा तथा भिक्षुलाई बौद्ध दर्शन प्रवर्द्धन सम्बन्धी अध्ययन अनुसन्धान केन्द्र, बौद्ध धर्मसम्बन्धी कला, धर्म तथा संस्कृति सम्बन्धी केन्द्र, प्राकृतिक उपचार केन्द्र, पुस्तकालय, अतिथि गृह तथा तालिम केन्द्र (थाङ्का, आम्ची, मूर्ति संरक्षण, भित्ते लेखन सम्बन्धी) को व्यवस्था गर्ने, गराउने।

(ङ) बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास सम्बन्धी सभा, गोष्ठी, सेमिनार कार्यक्रमहरु सञ्चालन गर्ने, गराउने।

(च) बौद्ध दर्शन प्रवर्द्धन तथा ऐतिहासिक, पुरातात्विक महत्वका गुम्बा, विहारहरुको विकास तथा सोको संक्षरण, सम्वर्द्धन, मर्मत, सम्भार, जीर्णोद्वारको लागि विभिन्न कार्ययोजना तथा प्रस्तावहरु तयार गरी आवश्यक स्रोत जुटाउने ।

(छ) नेपाल राज्यको ऐतिहासिक, पुरातात्विक महत्वका प्राचीन गुम्बा, विहारहरुको संरक्षण गर्नको लागि गुम्बा रहेको क्षेत्रको वन जंगलमा प्रचलित कानून बमोजिम स्वीकृति लिई सो क्षेत्रमा रहेको प्राकृतिक स्रोत साधनहरुलाई गुम्बाको सञ्चालनमा आत्मनिर्भर बनाउनको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

(ज) नेपालको विभिन्न स्थानमा रहेका गुम्बा, विहारहरुको संरक्षण र विकास, गुम्बामा रहेका लामा, ढावा, आनी, भिक्षु/भिक्षुणीहरुको आर्थिक विकास र आत्मनिर्भर बनाउनको लागि स्वावलम्वन कार्यक्रम अन्तर्गत आय आर्जन कार्यक्रम सञ्चालनको लागि गुम्बा, विहारहरुलाई अनुदान दिने ।

(झ) बौद्ध दर्शन प्रवर्द्धन, बौद्ध धर्म संस्कार र संस्कृतिको परम्परालाई संक्षरण गर्न योजना बनाई आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

(ञ) समितिमा दर्ता भएका गुम्बा, विहारले यस नियमवाली बमोजिम नविकरण नगराएमा तथा नविकरण भएको नदेखिएमा र आदेश तथा यस नियमावलीको विपरीत कार्य गरेको पाइएमा त्यस्तो गुम्बाहरुको दर्ता खारेज सम्मका आवश्यक कारवाही सम्बन्धी निर्णय गर्ने ।

(ट) समिति, उपसमिति, गुम्बा र विहारसँग सम्बन्धित पदाधिकारी वा सदस्यहरुको आचार संहिता लागु गर्ने, गराउने ।

(ठ) नेपालका बौद्धमार्गीहरुको शैक्षिक विकास गर्नको लागि गुम्बा र विहार क्षेत्रहरुमा कार्यक्रमहरु सञ्चालन गर्नका लागि अनुदान लगायतका सहयोग गर्ने, गराउने ।

(ड) गुम्बा र विहार संरक्षण गर्नको लागि नेपालमा अवस्थित सार्वजनिक रुपमा समितिमा दर्ता भएका गुम्बा, विहार, कोइबोहरुलाई आर्थिक सहयोग तथा अनुदान उपलब्ध गर्ने, गराउने । साथै वहाल, बहील र छयोर्तेनहरुलाई आवश्यक संरक्षण गर्ने ।

(ढ) प्राचीन तथा ऐतिहासिक महत्वका गुम्बा, विहारहरुको संरक्षण सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

(ण) गुम्बा र विहार रहेको क्षेत्रमा पर्यटन विकास कार्यक्रमहरु सञ्चालन गर्ने, गराउने ।

(त) गुम्बा र विहार सञ्चालन तथा संरक्षण गर्न र गुम्बा, विहारमा रहेका आनी, ढावा, भिक्षु/भिक्षुणीहरुको आर्थिक आत्मनिर्भरताको लागि शिपमूलक तथा आयमूलक तालिमहरु सञ्चालन गर्ने, गराउने ।

(थ) नेपाल राज्यमा अवस्थित गुम्बा र विहारहरुको आवश्यक निरीक्षण, अनुगमन गर्ने, नीति निर्देशन दिने, जानकारी लिने ।

(द) विभिन्न गुम्बाहरुले वैदेशिक सहयोग प्राप्त गर्नु अघि यस समितिको सिफारिसमा नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ ।

(ध) गुम्बा र विहारमा कार्यरत लामा, आनी तथा भिक्षुभिक्षुणीहरुको व्यवस्थापन गर्ने ।

शाखा अधिकृत उपसचिव कार्यकारी निर्देशक

(न) गुम्बा र विहारमा रहेका अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण गर्ने गराउने ।

६. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार** : आदेशको दफा ७ मा लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यकारी निर्देशक समितिको प्रशासकिय प्रमुखको रुपमा रही समितिको दैनिक प्रशासनिक तथा आर्थिक काम कारवाहीको नियमित नियण्त्रण, अनुगमन गर्ने, गराउनुको साथै समितिमा दर्ता भएका गुम्बाहरुको सञ्चालनको लागि आवश्यक कार्यक्रमहरु तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने ।

(ख) समितिमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको हक हित र तिनीहरुको कार्यक्षमता विकासको लागि आवश्यक पहल गर्ने, गराउने ।

ग) समितिको बैठकमा पेश हुने प्रस्ताव तयार गरी समितिका सदस्यहरुलाई जानकारी गराउने ।

(घ) समितिमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा, विहार विकासको बारेमा जानकारीमूलक कार्यक्रमहरु आयोजना गर्ने, गराउने ।

(ङ) बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बासंग सम्बन्धित सरकारी तथा गैह्र सरकारी निकायहरुसँग समन्वय गरी समितिको तर्फबाट आवश्यक काम कारवाही गर्ने, गराउने ।

(च) नयाँ निर्माण गरिने गुम्बा, विहारहरुको दर्ता, निर्माण स्वीकृति, मर्मत तथा पुन: निर्माण र प्राचीन गुम्बाको जीर्णोद्वारको स्वीकृतिको लागि समितिमा पर्न आएका निवेदनहरुको प्रकृया पूरा गरी स्वीकृति प्रदान गर्ने ।

(छ) नेपाल राज्यका स्थापित गुम्बा, विहारहरु समितिमा दर्ता गरी तिनीहरुको अद्यावधिक अभिलेख राख्ने, राख्न लगाउने ।

(ज) समितिलाई दैनिक कार्यसञ्चालनको लागि आवश्यक पर्ने कुनै पनि विषयको विशेषज्ञ, सल्लाहकार, आवश्यक अस्थायी/करार कर्मचारी नियुक्ति गर्नुपर्ने भए सो को नियुक्ति गरी समितिमा जानकारी गराउने ।

(झ) समितिमा दर्ता भएका सम्पूर्ण गुम्बा, विहारको नविकरण गर्ने, गराउने ।

(ञ) नेपाल राज्यमा अवस्थित गुम्बा, विहारको निर्माण तथा मर्मत सम्भार सम्बन्धी कृयाकलापहरुको अनुगमन गर्ने, गराउने ।

(ट) यस नियमावली बमोजिम परेका सूचना, उजुरी, निवेदन र मुद्दासम्बन्धी सम्पूर्ण कारवाहीहरु अगाडी बढाई आवश्यक निर्णयको लागि समितिको बैठकमा पेश गर्ने, गराउने र समितिले गरेका सम्पूर्ण निर्णयहरुको आवश्यक कार्यवाही गर्ने, गराउने ।

शाखा अधिकृत

कार्यकारी निर्देशक

उपसचिव

## परिच्छेद-३

## गुम्बा र विहार सम्बन्धी व्यवस्था

७ **गुम्बा र विहार निर्माण, पुनः निर्माण र जीर्णोद्वार, मर्मत सम्बन्धी व्यवस्था** :

(१) समितिले आदेश र यस नियमावलीको अधिनमा रही नयाँ गुम्बा निर्माण, पुनःनिर्माण र प्राचीन गुम्बा, विहारको मर्मत सम्भार तथा जीर्णोद्वारको लागि आवश्यक मापदण्ड बनाई निर्देशन जारी गर्न सक्नेछ ।

(२) पुरातत्व विभाग, संघ संस्था, व्यक्ति वा कुनै निकायले ऐतिहासिक, पुरातात्विक महत्व तथा प्राचीन गुम्बा र विहारको पुनःनिर्माण, जीर्णोद्वार तथा मर्मत गर्नु अघि समितिको सहमति लिनुपर्नेछ।

८ **गुम्बा र विहार दर्ता गर्नुपर्नेः** (१) नेपालमा रहेका सार्वजनिक गुम्बा र विहारहरु समितिमा दर्ता गराउनु पर्नेछ । समितिमा दर्ता नगरी कुनै सार्वजनिक गुम्बा सञ्चालन गर्न पाइने छैन ।

(२) उपनियम (१) बमोजिम गुम्बा दर्ता गराउनको लागि देहाय बमोजिमका कागजातहरु संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा समितिको कार्यालयमा निवेदन दिनुपर्नेछ :-

(क) गुम्बा दर्ता तथा प्रमुख लामा नियुक्ति गर्ने सम्बन्धमा गुम्बा व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि,

(ख) प्रमुख लामा र समितिका सदस्यहरुको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

(ग) नगरपालिका क्षेत्र भए सम्बन्धित वडाको र गाउँ विकास समिति क्षेत्र भए सम्बन्धित गाउँ विकास समितिबाट गुम्बाको अवस्थिति खुल्ने गरी चार किल्ला खुलाई गरेको सिफारिश-पत्र,

(घ) समितिको कार्यालयबाट उपलब्ध गराइने अनुसूची २ बमोजिमको गुम्बा र विहार दर्ता फाराम सम्बन्धित नगरपालिका भए सम्वन्धित वडा र गाउँ विकास समिति भए गाउँ विकास समितिले प्रमाणित गरेको हुनु पर्ने,

(ङ) गुम्बाको चारै दिशा देखिने र मूर्तिहरुको स्पष्ट वस्तुस्थिति झल्कने फोटोहरु,

(च) गुम्बा निर्माण भएको जग्गाको जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपी वा सार्वजनिक जग्गामा गुम्बा निर्माण भएको भए सम्बन्धित नगरपालिका वा गाउँ विकास समितिको सिफारिश-पत्र,

(छ) गुम्बा र विहार सँग सम्बन्धित लालमोहर, सनदपत्र, इस्तीहार, गुठी आदि भए सो कागजातको प्रमाणित प्रतिलिपि ।

(३) उपनियम (२) बमोजिम गुम्बा दर्ताको लागि दिइएको निवेदन उपर आवश्यक छानविन गरी अनुसूची-३ बमोजिमको ढाँचामा प्रमाण-पत्र दिइनेछ ।

९. **व्यक्तिगत गुम्बा र विहार दर्ता सम्बन्धी व्यवस्था** : (१) नेपालमा राज्यमा अवस्थित व्यक्तिगत गुम्बा र विहार निर्माण पश्चात समितिमा दर्ता गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम गुम्बा र विहार दर्ता गर्नका लागि देहाय बमोजिमका कागजातहरु संलग्न राखी अनुसूची-४ बमोजिम निवेदन समितिको कार्यालयमा दिनुपर्नेछ :-

शाखा अधिकृत उपसचिव २०६९।५।१३ कार्यकारी निर्देशक

(क) व्यक्तिगत गुम्बा र विहार निर्माण पश्चात् गुम्बाको प्रमुख लामा, भिक्षु तथा भिक्षुणीको नियुक्ती-पत्र,

(ख) व्यक्तिगत गुम्बा र विहार निर्माण, व्यवस्थापन र सञ्चालन गर्ने व्यक्तिको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

(ग) नगरपालिका क्षेत्र भए सम्बन्धित वडाको र गाउँ विकास समिति क्षेत्र भए सम्बन्धित गाउँ विकास समितिबाट चार किल्ला खुलाइएको सिफारिश-पत्र,

(घ) समितिको कार्यालयबाट उपलब्ध गराइएको गुम्बा र विहार दर्ता फारम सम्बन्धित नगरपालिका भए वडाको र गाउँ विकास समितिले प्रमाणित गरेको हुनुपर्ने,

(ङ) गुम्बा र विहारको चारै दिशा देखिने र मूर्तिहरुको स्पष्ट वस्तुस्थिति झल्कने फोटो,

(च) गुम्बा र विहारसँग सम्बन्धित घरायसी लालमोहर, सनदपत्र, इस्तीहार, गुठी जस्ता सम्बन्धित कागजको प्रमाणित प्रतिलिपि,

(छ) गुम्बा र विहार निर्माण भएको जग्गाको जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि ।

(३) उपनियम (२) बमोजिम गुम्बा र विहार दर्ताको लागि दिइएको निवेदन उपर आवश्यक छानविन गरी अनुसूची-३ बमोजिमको ढाँचामा प्रमाण-पत्र दिइनेछ ।

१०. **सहमति लिनुपर्ने** : (१) बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा र विहारसँग सम्बन्धित उद्देश्य भएका प्रचलित कानून बमोजिम नयाँ दर्ता हुने वा दर्ता भइसकेका सँघ संस्थाको नविकरण गर्नुपूर्व सम्बन्धित जिल्ला प्रशासन कार्यालयले यस समितिको सहमति लिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सहमति लिई दर्ता भएका संघ संस्थाहरुको नाम वा ठेगाना परिवर्तन भएमा सो को जानकारी सम्बन्धित कार्यालयले समितिलाई दिनुपर्नेछ ।

(३) बौद्ध शिक्षा सम्बन्धी पठन, पाठन तथा सो सम्बन्धी उद्देश्य राखी स्थापना भएका संघ संस्थाले कार्य सञ्चालन पूर्व समितिको सहमति लिनुपर्नेछ ।

(४) उपनियम (१) मा लेखिए देखि बाहेक शिक्षा ऐन तथा नियमावली बमोजिम अध्ययनरत ढावा, आनी, भिक्षुभिक्षुणीहरुलाई बौद्ध शिक्षा अध्ययनका लागि कुनै पनि गुम्बा, विहारले विद्यालय सञ्चालन गर्न अनुमति तथा अनुदान दिनु अघि समितिको सहमति लिनुपर्नेछ ।

(५) कुनै पनि संघ, संस्थाले बौद्ध दर्शन, शिक्षा, संस्कृति र गुम्बा र विहारहरुको विकास, निर्माण, जीर्णोद्वार र मर्मत सम्बन्धी विषयमा समितिको सहमति अनिवार्य लिनुपर्नेछ ।

(६) समितिमा दर्ता भएका व्यक्तिगत गुम्बा र विहारहरु हक हस्तान्तरण गर्दा समितिको सहमति लिनु पर्नेछ ।

(७) गुम्बा र विहारले संस्थागतरुपमा समाज कल्याण परिषद् ऐन,२०४९ दफा १६ बमोजिम आर्थिक सहयोग प्राप्त गर्न चाहेमा यस समितिको सहमति अनिवार्य लिनु पर्नेछ ।

११. **समितिमा आवद्ध हुनुपर्ने** : (१) बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा र विहारसँग सम्बन्धित उद्देश्य लिई प्रचलित कानून बमोजिम दर्ता भएका संघ, संस्थाले समितिमा आवद्ध हुनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम आवद्धता हुनका लागि देहाय बमोजिमका कागजातहरु संलग्न राखी अनुसूची-५ बमोजिमको ढाँचामा समितिको कार्यालयमा निवेदन दिनुपर्नेछ :-

शाखा अधिकृत कार्यकारी निर्देशक

(क) संघ, संस्थाको कार्यसमितिको निर्णयको प्रमाणित प्रतिलिपि,

(ख) संघ, संस्थाले गुम्बा र विहार सञ्चालन गरेको भए गुम्बा र विहारको प्रमुख र संघ, संस्थाको पदाधिकारी तथा सदस्यहरुको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

(घ) सम्बन्धित नगरपालिका भए वडाको र गाउँ विकास समिति भए गाउँ विकास समितिको चार किल्ला समेत खुलाई दिएको सिफारिशको सक्कलै प्रति,

(ङ) समितिको कार्यालयबाट उपलब्ध गराइएको गुम्बा र विहार दर्ता फारम सम्बन्धित नगरपालिका भए वडाको र गाउँ विकास समिति भए गाउँ विकास समितिले प्रमाणित गरेको हुनुपर्ने,

(च) गुम्बा र विहार निर्माण भएको भए सोको चारै दिशा देखिने र मूर्तिहरुको स्पष्ट वस्तुस्थिति झल्कने फोटोहरु,

(छ) संघ संस्थाको नाममा जग्गा भए जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि र सार्वजनिक जग्गामा गुम्बा निर्माण गरिएको भए सम्बन्धित नगरपालिका भए वडाको र गाउँ विकास समितिको क्षेत्रमा भए गाउँ विकास समितिले सो जग्गाको चार किल्ला समेत खुलाई दिएको सहमति-पत्रको सक्कलै प्रति,

(ज) कुनै व्यक्ति, संघ संस्थाबाट प्राप्त भएको जग्गा भए जग्गाधनीको मञ्जुरीनामा वा सम्झौता-पत्रको सक्कलै प्रति,

(ज) संघ, संस्था गुम्बा र विहारसँग सम्बन्धित घरायसी लालमोहर, सनदपत्र, इस्तीहार, गुठी आदि भए सोको प्रमाणित प्रतिलिपि,

(झ) संघ, संस्थाको विधान तथा दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।

(३) उपनियम (२) बमोजिम गुम्बा र विहार दर्ताको लागि दिइएको निवेदन उपर आवश्यक छानविन गरी अनुसूची-६ बमोजिमको ढाँचामा प्रमाण-पत्र दिइनेछ ।

१२. **गुम्बा र विहारको ठाउँसारी गर्न सकिने** : (१) समितिको अनुमति लिई निर्माण भएका वा समितिमा दर्ता भई नविकरण भएका गुम्बा र विहारको ठाउँसारी गर्नु परेमा समितिको स्वीकृति लिई ठाउँसारी गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम गुम्बा र विहारको ठाउँसारी गर्न प्रस्तावित स्थानको चारकिल्ला सहितको विवरण तथा वस्तुस्थिति उल्लेख गरी अनुसूची-७ बमोजिमको ढाँचामा देहाय बमोजिमको कागजातहरु समेत संलग्न राखी समितिको कार्यालयमा निवेदन दिनुपर्नेछ :-

(क) गुम्बा र विहारको ठाउँसारी गर्ने सम्बन्धमा गुम्बा र विहारको निर्माण तथा व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि,

(ख) नगरपालिका भए सम्बन्धित वडाको र गाउँ विकास समिति भए गाउँ विकास समितिको सिफारिश-पत्रको सक्कलै प्रति,

(ग) गुम्बा र विहार दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।

शाखा अधिकृत उपसचिव २०७१।२।१३ कार्यकारी निर्देशक

(३) उपनियम (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक जाँचबुझ गरी समितिले त्यस्तो गुम्बा र विहारको ठाउँसारी गर्नको लागि स्वीकृति दिन सक्नेछ ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक विपत्ति परेको अवस्था बाहेक ऐतिहासिक, पुरातात्विक महत्वका प्राचीन गुम्बा र विहारहरुको ठाउँसारी हुन सक्ने छैन ।

१३. <u>गुम्बा र विहारको नाम परिवर्तन गर्न सकिने</u> : (१) समितिमा दर्ता भएका गुम्बा र विहारको नाम परिवर्तन गर्नु परेमा समितिको स्वीकृति लिई परिवर्तन गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम नाम परिवर्तन गर्नको लागि प्रस्तावित नयाँ नाम र नाम परिवर्तन गर्नु परेको कारण सहितको विवरण उल्लेख गरी अनुसूची-८ बमोजिमको ढाँचामा देहाय बमोजिमका कागजातहरु समेत संलग्न राखी समितिको कार्यालयमा निवेदन दिनु पर्नेछ :-

(क) गुम्बा र विहार व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि,

(ख) नगरपालिका भए सम्बन्धित वडाको र गाउँ विकास समिति भए गाउँ विकास समितिको सिफारिश-पत्रको सक्कलै प्रति,

(ग) गुम्बा र विहार दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।

(३) उपनियम (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक जाँचबुझ गरी समितिले त्यस्तो गुम्बा, विहारको नाम परिवर्तन गर्न स्वीकृति दिन सक्नेछ ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि ऐतिहासिक, पुरातात्विक महत्व भएका प्राचीन गुम्बा र विहारहरुको नाम परिवर्तन हुने छैन ।

१४. <u>गुम्बा र विहारको वर्गीकरण</u> : समितिमा दर्ता भएका गुम्बा र विहारहरुलाई देहाय बमोजिम वर्गिकरण गरिनेछ :-

(१) समयको आधारमा

(क) ५०० वर्ष भन्दा पुरानो प्राचीन गुम्बा **'क'** वर्ग,

(ख) १०० देखि ५०० वर्ष सम्मको प्राचीन गुम्बा **'ख'** वर्ग,

(ग) १०० वर्षसम्मका गुम्बा **'ग'** वर्ग ।

(२) कार्य प्रकृतिको आधारमा

(क) धार्मिक पूजापाठ सञ्चालन गर्ने,

(ख) शैक्षिक क्रियाकलाप गर्ने ,

(ग) धार्मिक तथा शैक्षिक क्रियाकलाप दुबै सञ्चालन गर्ने ।

१५. <u>संरक्षण गर्नुपर्ने</u> : समितिमा दर्ता भएका प्राचीन, ऐतिहासिक तथा पुरातात्विक महत्वका गुम्बा र विहार तथा बौद्ध दर्शनको प्रवर्द्धन, संरक्षरण गर्नु समितिको कर्तव्य हुनेछ ।

१६. <u>निरीक्षण वा अनुगमन गर्ने</u> : (१) प्राचीन, ऐतिहासिक तथा पुरातात्विक महत्वका गुम्बा र विहारहरुको समितिले नियमित र अनिवार्य रुपमा निरीक्षण गरी वार्षिक प्रतिवेदन समेत तयार गरी सार्वजनिक गरिने छ ।

(२) गुम्बा र विहारमा हुने शैक्षिक कार्य तथा कार्यक्रमको हकमा नेपाल सरकार, शिक्षा मन्त्रालयको समन्वयमा अनुगमन तथा निरीक्षण गरिनेछ ।

शाखा अधिकृत    कार्यकारी निर्देशक    उपसचिव

१७. **नविकरण गर्नुपर्ने** : (१) समितिमा दर्ता भएका गुम्बा र विहारको प्रत्येक दुई वर्षमा नविकरण गराउनु पर्नेछ ।

(२) उप नियम (१) बमोजिम गुम्बा नविकरण गर्नको लागि अनुसूची-१० बमोजिमको ढाँचामा देहाय बमोजिमको कागजातहरु संलग्न राखी समितिको कार्यालयमा निवेदन दिनुपर्नेछ :-

(क) समितिमा दर्ता भएको प्रमाण-पत्रको सक्कलै प्रति,

(ख) गुम्बा र विहार व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि,

(ग) गुम्बा र विहारको आय तथा व्यय लेखापरीक्षकबाट लेखापरीक्षण गराएको आर्थिक प्रतिवेदनको प्रमाणित प्रतिलिपि,

(घ) गुम्बा र विहारले वार्षिक रुपमा गरेको कार्यहरुको गतिविधिहरु सहितको प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।

(३) उपनियम (१) बमोजिमको अवधिभित्र नविकरण नभएका गुम्बा, विहारको प्रत्येक वर्षको एकसय रुपैयाँ जरीवाना लिई नविकरण गर्न सक्नेछ ।

१८. **खारेज हुने** : (१) समितिमा दर्ता भएका गुम्बाले नियम १७ बमोजिम समितिमा नविकरण नगराएमा तथा नविकरण भएको नदेखिएमा साथै आदेश तथा यस नियमावलीको विपरीत कार्य गरेको पाइएमा त्यस्तो गुम्बा, विहारको दर्ता खारेज हुनेछ ।

(२) उपनियम (१) बमोजिम दर्ता खारेज गर्नुपूर्व सफाईको मौका प्रदान गरिनेछ ।

१९. **कार्यविधि** : (१) नियम १८ बमोजिम गुम्बा र विहारको दर्ता खारेज गर्नु अघि आदेश र यस नियमावलीले गरेको व्यवस्थाको विपरीत कार्य गरेको कुरा स्पष्ट उल्लेख गरी त्यस्तो गुम्बा, विहारलाई कम्तिमा पन्ध्र दिन भित्र आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको समय भित्र सम्बन्धित गुम्बा र विहारले पेश गरेको सफाई समितिलाई उपयुक्त उचित र चित्तबुझ्दो लागेमा दर्ता र नविकरणको हकमा जरीवाना गरी नविकरण गरिदिने र सो बाहेक अन्य कुराको हकमा समितिले आवश्यक कारवाही गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको समय भित्र गुम्बा र विहारले सफाई पेश नगरेमा वा गुम्बा र विहारले पेश गरेको सफाई समेत उपयुक्त उचित र चित्त बुझ्दो नदेखिएमा समितिले त्यस्तो गुम्बा, विहारको दर्ता खारेज गर्न सक्नेछ ।

## परिच्छेद - ४
## आर्थिक अनुदान र पेश्की फछ्यौंट सम्बन्धी व्यवस्था

२०. **आर्थिक अनुदान दिन सकिने** : (१) समितिको स्वीकृति लिई निर्माण भएका र समितिमा दर्ता भई यस नियमावली बमोजिम नविकरण भएका सार्वजनिक गुम्बा र विहारले समितिबाट आर्थिक अनुदान पाउन सक्नेछ । सरकारी तथा गैरसरकारी निकायहरुले गुम्बा र विहारहरुलाई अनुदान प्रदान गर्दा समितिलाई जानकारी गराउनु पर्नेछ ।

शाखा अधिकृत

कार्यकारी निर्देशक

(२) उपनियम (१) बमोजिम आर्थिक अनुदान प्राप्त गर्नको लागि देहाय बमोजिमको कागजातहरु संलग्न राखी अनुसूची-१० बमोजिमको ढाँचामा समितिको कार्यालयमा निवेदन दिनुपर्नेछ:-

(क) गुम्बा र विहार व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि,

(ख) नगरपालिका भए सम्बन्धित वडाको र गाउँ विकास समिति भए गाउँ विकास समितिको सिफारिशको सक्कलै प्रति,

(ग) प्राप्त सहयोग रकम उपयोग गर्ने योजना तथा कार्यक्रमको विवरण,

(घ) लागत अनुमान र नक्साको प्रमाणित प्रतिलिपि,

(ङ) गुम्बा र विहार दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि,

(च) समितिको कार्यालयबाट उपलब्ध भएको अनुसूची-११ बमोजिमको अनुदान सहयोग फारम सम्बन्धित नगरपालिका भए वडाको र गाउँ विकास समिति भए गाउँ विकास समितिले प्रमाणित गरेको हुनुपर्ने,

(च) गुम्बा र विहारको स्पष्ट वस्तुस्थिति झल्कने हालसालै खिचिएका फोटोहरु ।

(३) आर्थिक सहयोग अनुदान उपलब्ध गराउँदा गुम्बा र विहारको वर्गिकरणलाई आधार लिन सकिनेछ ।

२१. **गुम्बा र विहार शिक्षालाई अनुदान (सहयोग) दिन सकिने:** (१) समितिको स्वीकृति लिई निर्माण भएका र समितिमा दर्ता भई यस नियमावली बमोजिम नविकरण भएका गुम्बा र विहारले समितिबाट सो शिक्षाको लागि अनुदान सहयोग पाउन सक्नेछ । सरकारी तथा गैरसरकारी निकायले गुम्बा, विहार शिक्षा सम्बन्धी अनुदान प्रदान गर्दा समितिलाई जानकारी गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम गुम्बा, विहार शिक्षाको लागि अनुदान सहयोग प्राप्त गर्न अनुसूची-१२ बमोजिमको ढाँचामा देहाय बमोजिमका कागजातहरु संलग्न राखी समितिको कार्यालयमा निवेदन दिनुपर्नेछ :-

(क) गुम्बा र विहार व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।

(ख) नगरपालिका भए सम्बन्धित वडाको र गाउँ विकास समिति भए गाउँ विकास समितिको सिफारिशको सक्कलै प्रति ।

(ग) लागत अनुमानको प्रमाणित प्रतिलिपि ।

(घ) गुम्बा र विहार दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।

(ङ) गुम्बा र विहार शिक्षा सञ्चालन गर्नको लागि सम्बन्धित जिल्ला शिक्षा कार्यालयवाट प्राप्त भएको स्वीकृति-पत्रको प्रमाणित प्रतिलिपि ।

(च) गुम्बा र विहार शिक्षा अध्ययन भईरहेको देखिने प्रमाणित फोटोहरु ।

२२. **पेश्की फछ्र्यौट गर्ने:** नियम २० र २१ बमोजिम प्राप्त भएको आर्थिक अनुदानको पेश्की फछ्र्यौट गर्नको लागि अनुसूची-१३ बमोजिमको ढाँचामा देहाय बमोजिमका कागजातहरु समेत संलग्न राखीसमितिको कार्यालयमा निवेदन दिनुपर्नेछ :-

शाखा अधिकृत उपसचिव २०८०।२।१९ कार्यकारी निर्देशक

(क) मूल्याङ्कन/नापी किताब, कोर [illegible] फाराम,

(ख) सम्बन्धित जिल्लाको स्वीकृत दररेट,

(ग) निर्माण कार्य भए कार्य सम्पन्न भएको प्रतिवेदन,

(घ) खर्च रकमको सम्पूर्ण बिल भरपाई ।

## परिच्छेद - ५

## प्रमुख लामा, भिक्षुसम्बन्धी व्यवस्था

२३. **गुम्बा र विहारमा प्रमुख लामा रहने** : प्रत्येक गुम्बा र विहारमा प्रमुख लामा तथा भिक्षु रहनेछ ।

२४. **गुम्बा र विहारको प्रमुख लामा, भिक्षुको लागि चाहिने योग्यता** : (१) समितिमा दर्ता भएका गुम्बा र विहारको प्रमुख लामा, भिक्षु हुनका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) बौद्ध धर्मावलम्बी भई गुम्बा र विहार सञ्चालन गर्न बौद्ध परम्पराको सम्पूर्ण धार्मिक विधि तथा पूजापाठमा निपूर्ण व्यक्ति,

(ग) गुम्बा र विहार रहेको स्थानको स्थानीय बासिन्दा,

(घ) बौद्ध दर्शनसम्बन्धी अध्ययन भएको व्यक्ति हुनुपर्ने,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(च) नेपालको बौद्ध सम्प्रदायमध्ये आफ्नो सम्प्रदायले सिफारिश गरेको व्यक्ति ।

(२) उपनियम (१) को खण्ड (ग) बमोजिम स्थानीय बासिन्दा उपलब्ध नभएमा अन्य क्षेत्रको लामा, भिक्षुलाई राख्न सकिनेछ ।

२५. **प्रमुख लामा तथा भिक्षुको पद रिक्त हुने अवस्था** : देहायको अवस्थामा गुम्बा र विहारको प्रमुख लामा, भिक्षुको पद रिक्त भएको मानिनेछ :-

(क) निजको मृत्यु भएमा,

(ख) निजले गुम्बा र विहारको व्यवस्थापन समिति समक्ष लिखित राजीनामा दिएमा,

(ग) नियम २४ बमोजिमको योग्यता नभएमा,

(घ) गुम्बा र विहारको व्यवस्थापन समितिमा रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतले हटाउने निर्णय गरेमा ।

२६. **प्रमुख लामा तथा भिक्षुको काम, कर्तव्य र अधिकार** : गुम्बा र विहारको प्रमुख लामा, भिक्षुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) गुम्बा र विहारमा बौद्ध परम्परा अनुसार नियमित रुपमा पूजापाठ गर्ने, गराउने ।

(ख) गुम्बा र विहारको सम्पत्तिको रेखदेख र संरक्षण गर्ने, गराउने ।

(ग) बौद्ध सँस्कृति र परम्पराको संरक्षण, सम्वर्द्धन गर्ने ।

(घ) गुम्बा र विहारको विकास तथा आत्मनिरभरताको लागि आवश्यक पहल गर्ने ।

(ङ) गुम्बा र विहार व्यवस्थापन समितिलाई आवश्यक राय, सुझाव दिने ।

(च) गुम्बा र विहार व्यवस्थापन समितिको निर्णय निर्देशनको कार्यान्वयन गर्ने, गराउने ।

(छ) गुम्बा र विहारको नियमित कार्यहरुको सुपरिवेक्षण गर्ने, गराउने ।

(ज) गुम्बा र विहार विकासको कार्यक्रम तर्जुमा गरी स्वीकृतिको लागि व्यवस्थापन समितिमा पेश गर्ने ।

२७. <u>गुम्बा र विहारको प्रमुख लामा, भिक्षु परिवर्तनको अनुमोदन गराउनु पर्ने</u> : (१) समितिमा दर्ता भएका गुम्बाको प्रमुख लामा,भिक्षु परिवर्तन भएमा समितिबाट अनुमोदन गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम गुम्बा, विहारको प्रमुख लामा परिवर्तनको अनुमोदनको लागि अनुसूची-१४ बमोजिमको ढाँचामा देहाय बमोजिमको कागजातहरु समेत संलग्न राखी कारणसहित समितिको कार्यालयमा निवेदन दिनु पर्नेछ :-

(क) गुम्बा र विहार व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि,

(ख) नयाँ नियुक्त हुने प्रमुख लामा, भिक्षुको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि,

(ग) नगरपालिका भए सम्बन्धित वडाको र गाउँ विकास समिति भए गाउँ विकास समितिको सिफारिश-पत्रको सक्कलै प्रति,

(घ) नयाँ नियुक्त हुनु पूर्व कार्यरत प्रमुख लामा, भिक्षुको राजीनामा वा सहमति-पत्रको सक्कलैप्रति वा निजको मृत्यु भएको अवस्थामा मृत्यु दर्ताको प्रमाण-पत्रको प्रतिलिपि ।

## परिच्छेद - ६
## अध्ययन र तालिममा मनोनयनसम्बन्धी व्यवस्था

२८. **<u>अध्ययन अनुसन्धान</u> : (१)** बौद्ध दर्शन तथा गुम्बा र विहारको विकाससँग सम्बन्धित विषयमा समितिले अध्ययन अनुसन्धान गर्नुपर्ने देखेमा समिति आफैं वा अन्य व्यक्ति वा संस्था मार्फत अध्ययन, अनुसन्धान गर्न, गराउन सक्नेछ ।

(२) गुम्बा र विहारमा हुने शैक्षिक कार्य तथा बौद्ध दर्शन सँग सम्बन्धित अध्ययन, अध्यापन, अनुसन्धान कार्य गर्ने विश्वविद्यालय तथा मान्यता प्राप्त शैक्षिक संस्था वा निकाय सँग समन्वय गरी कार्य गर्न सक्नेछ ।

२९. <u>तालिम तथा कार्यक्रममा मनोनयन</u> : बौद्ध दर्शन तथा गुम्बा र विहारको विकाससँग सम्बन्धित तालिम वा राष्ट्रिय, अन्तर्राष्ट्रिय कार्यक्रमहरुमा समितिले आवश्यक व्यक्तिहरुको मनोनयन गर्न सक्नेछ ।

## परिच्छेद-७
## बजेट तथा कार्यक्रमसम्बन्धी व्यवस्था

३०. <u>बजेट तथा कार्यक्रम</u> : समितिको कार्यकारी निर्देशकले बौद्ध दर्शन प्रवर्द्धन, गुम्बा विकास र सोसँग सम्बन्धित वार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्वीकृतिको लागि समितिमा पेश गर्नुपर्नेछ ।

३१. <u>प्रतिवेदन पेश गर्नुपर्ने</u> : (१) बजेट तथा कार्यक्रमको वार्षिक प्रतिवेदन कार्यकारी निर्देशकले समितिको बैठकमा पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश भएको प्रतिवेदन समितिको बैठकबाट अनुमोदन हुनुपर्नेछ ।

कार्यकारी निर्देशक

## परिच्छेद-८

## विविध

३२. **अधिकार प्रत्यायोजन गर्न सकिने** : समितिले आदेश तथा यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार आवश्यकतानुसार उपसमिति वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३३. **अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने** : समितिले अनुसूची तथा अनुसूचीमा रहेको व्यहोरालाई समय-समयमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

३४. **निर्देशिका बनाउन सक्ने** : (१) समितिले बौद्ध दर्शन प्रवर्द्धन, गुम्बा र विहारको विकास र संरक्षण, समितिको वार्षिक स्वीकृत कार्यक्रम सञ्चालन गर्न गठन आदेश र यस नियमावलीमा उल्लेखित व्यवस्थाको प्रतिकूल नहुने गरी आवश्यक निर्देशिका बनाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बनेको निर्देशिकाको प्रतिलिपि जानकारीको लागि सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ ।

३५. **सिफारिश दिन सक्ने** : (१) समितिमा दर्ता भएका गुम्बा, विहार र सोमा कार्यरत प्रमुख लामा, लामा, आनी, ढावा, भिक्षु, भिक्षुणी र गुम्बा तथा विहार व्यवस्थापन समितिका पदाधिकारी समेतलाई समितिको सिफारिशको आवश्यकता परेमा अनुसूची-१५ बमोजिमको ढाँचामा समितिमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा आवश्यक छानविन गरी समितिको कार्यकारी निर्देशकले सिफारिश दिन सक्नेछ ।

३६. **आचार संहिता** : यस नियमावलीमा उल्लेखित आचार संहिताको पालना गर्नु गुम्बा र विहारमा कार्यरत प्रमुख लामा, लामा, भिक्षु भिक्षुणी, आनी, ढावा, बौद्ध धर्मावलम्वी र गुम्बा र विहार निर्माण तथा व्यवस्थापन समिति र बौद्ध दर्शन प्रंवर्द्धन तथा गुम्बा विकास समितिका पदाधिकारी र समितिमा कार्यरत कर्मचारीहरुको कर्तव्य हुनेछ ।

(१) नेपाल राज्यमा सामाजिक संरचना र सद्भाव नखल्बलिने गरी गतिविधि तथा कार्यक्रम सञ्चालन गर्नु गराउनु पर्नेछ ।

(२) नेपाल राज्यको प्रचलित कानूनको उलंघन नहुने गरी आफ्नो गतिविधि तथा कार्यक्रम सञ्चालन गर्नु गराउनु पर्नेछ ।

(३) अन्तराष्ट्रिय द्विपक्षीय, बहुपक्षीय कूटनीतिक सम्बन्धमा असर नपर्ने गरी कुनै पनि प्रकारको कार्य तथा कार्यक्रम सञ्चालन गर्नु, गराउनु पर्नेछ ।

३७. **दस्तुर लिन सक्ने** : समितिले अनुसूची-१६ मा उल्लेख भए बमोजिमको दस्तुर लिन सक्नेछ ।

३८. **बाधा अड्काउ फुकाउने** : यस नियमावलीको कार्यान्वयनमा कुनै बाधा अड्काउ आई परेमा त्यस्तो बाधा अडकाउ फुकाउने अधिकार समितिलाई हुनेछ ।

शाखा प्रमुख

उपसचिव

२०८०।१।२५

कार्यकारी निर्देशक